आज मिति २०८३ साल भाद्र महिनाको ११ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १४७औं नगर कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा, गण्डकी प्रदेश

## १४७ औं कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं. १:

मिति २०८३ भाद्र १० गते बुधवार विहान भोटेकोशी नदीमा आएको ठुलो बाढीका कारण रसुवा, नुवाकोट, गोरखा, धादिङ र चितवन जिल्लाका विभिन्न तटीय क्षेत्रहरुमा भएको अपूरणीय क्षतिप्रति यस कार्यालय गहिरो दुःख व्यक्त गर्दछ । साथै यस प्राकृतिक विपत्तीमा परी ज्यान गुमाएका सम्पूर्ण मृतकप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं । साथै घाइतेहरुको तत्काल उद्दार र उपचार, सम्पर्क विहिनको खोजतलास, प्रभावित सुरक्षा र राहतको व्यवस्थापन कार्यमा भीरकोट नगरपालिकाको तर्फबाट आर्थिक सहयोग स्वरुप नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको दैवी प्रकोप उद्दार कोषमा देहायको रकम उपलब्ध गराउने ।

क) नगरपालिकाको संस्थागत सहयोग-रु. ५००००० 
ख) जनप्रतिनिधि सेवा सुविधाबाट आर्थिक सहयोगः रु. २ लाख
ग) नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकले खाइपाई आएको ५ दिन बराबरको तलब सुविधा बापत हुन आउने रकम ।

निर्णय नं. २:

यस कार्यालयको मिति २०८३/५/०५ को नगर प्रहरी जवान को सूचना प्रकाशित गरिएकोमा नगर प्रहरी जवानको उमेरहद नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७५ बमोजिम दरखास्त दिने उम्मेदवारको उमेरहद २३ बर्षबाट ३५ बर्ष कायम गर्ने ।

निर्णय नं. ३:

भीरकोट नगरपालिका वडा नं. ०३ निवासि श्री विजय काफ्लेको निवेदन तथा स्थलगत प्रहरी मुचुल्काको आधारमा मिति २०८३/०४/३१ गते निजको घरमा रहेको बाखाको खोरमा बाघले आक्रमण गरी सानाठुला गरी ९ वटा बाखा खाइ नोक्सानि पुर्याएको हुँदा निजलाइ क्षतिपूर्ति तथा राहत स्वरुप रु. ४० हजार उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. ४:

भीरकोट नगरपालिका क्षेत्रमा ई-रिक्सा तथा अटो रिक्सा संञ्चालन गर्नका लागि नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट सिफारिस भई आएका तपसिल बमोजिमका व्यवसायिहरुको माग निवेदन वमोजिम तपसिल बमोजिमका ई-रिक्सा/अटो रिक्सा दर्ता गर्ने ।

तपसिल

| क्र.स. | व्यवसायीको नाम | ठेगाना | सवारी इन्जिन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | लाल बहादुर गुरुङ्ग | भीरकोट न.पा. ०८ | AZXWTA28349 | |
| २ | पितम बहादुर थापा | भीरकोट न.पा. ०१ | AZXWTM70562 | |
| ३ | शंकर माझी | भीरकोट न.पा. ०१ | AZXWTM85723 | |
| ४ | रोशन माझी | भीरकोट न.पा. ०७ | AZXWSH53159 | |
| ५ | बल वहादुर गुरुङ् | भीरकोट न.पा. ०९ | AZXWRE08792 | |

प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख